# सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन निर्देशिका२०६२

## १ प्रस्तावना

स्थानीय स्वायत्त शासन ऐन २०५५को दफा २१० र २११ मा साथै सोही ऐन अन्तर्गतको नियमावली २०५६ को दफा २०२ र २०६ मा ब्यवस्था भए अनुसार जिल्ला विकास समितिलाई जिल्लामा संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी दिइएकोछ । जिल्लामा सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन पक्षलाई प्रभावकारी ढंगबाट संचालन गरी सम्पन्न गराउन अनुगमन तथा मूल्याङ्कनले ठूलो भूमिका खेलेको हुन्छ र योजना चक्रमा यो एक अपरिहार्य प्रक्रिया हो । अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी ढंगले अवलम्वन गर्न सकिएको खण्डमा योजना तथा कार्यक्रम समयमा सम्पन्न गर्न, गुणस्तर तथा लागत अनुसार प्रगति छ छैन भन्ने विषयमा लेखा जोखा गर्नका साथै लक्ष्य हासिलमा देखिएका समस्या समाधान समयमै भई सफलता प्राप्त गर्न मदत पुग्नेछ । फलस्वरुप सम्पन्न योजना तथा कार्यक्रमको प्रतिफलबाट जनताहरुलाई महशुस हुने किसिमको विकास र प्रभाव दिन सक्नेछ । साथै जिल्लामा आएका र भएका स्रोत र साधन उपयुक्त ढंगले परिचालन गरी सहि समय, लागत र गुणस्तर युक्त योजना सम्पन्न गर्न सक्षम भई जनताको जीवनस्तर उकास्न मदत पुग्नेछ ।

यसै अवधारणा अनुरुप कुनै पनि योजनाले निर्दिष्ट गरेको उद्देश्य अनुरुपको नीति, कार्यनीति, कार्यक्रम र वजेट तर्जुमा समयमै भए नभएको पहिचान गर्ने, योजना तथा कार्यक्रमहरुलाई तोकिएको समय, लागत, परिमाण र गुणस्तर अनुरुप सम्पन्न गरी लक्ष्य र उपलब्धि वीच अन्तर आउन नदिनका साथै सम्पन्न योजना तथा कार्यक्रमबाट जनतामा परेका असर र प्रभावका बारे यकिन गर्न सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन गरिनु पर्ने यस निर्देशिकाको अवधारणा रहेकोछ ।

## २. उद्देश्य

ज्ञ. योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा देखिने समस्याको समयमै पहिचान गरी समाधान गर्ने र योजना तथा कार्यक्रमहरुको पूर्व निधारित समय, लागत, परिमाण र गुणस्तर अनुसार सम्पन्न गरी परिलक्षित उपलब्धि हासिल गर्ने ।

द्द. योजना तथा कार्यक्रमहरुमा गरिने लगानी र प्राप्त प्रतिफल (उपलब्धि) सम्बन्धि सूचनाहरुलाई अध्यावधिक र भरपर्दो बनाउने ।

घ. योजनामा निर्दिष्ट गरिने नीति कार्यनीतिको समिक्षा गर्ने परिपाटी विकास गर्ने र निर्दिष्ट नीति अनुसार कार्यक्रम तय भए नभएको र कार्यान्वयन हुन सके नसकेको यकिन गर्ने ।

ढ. दशौं योजनाको विकास रणनीतिको सोच तालिका अनुसार जिल्लामा सञ्चालित कार्यक्रमहरुले कूल क्षेत्रमा पुर्‍याएको सहयोगबारे यकिन गर्ने ।

छ. निक्षेपित क्षेत्र अन्तर्गतका योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण प्रक्रियालाई प्रभावकारी ढंगले सञ्चालन गरी विकेन्द्रीकरण अवधारणालाई बलियो बनाउने ।

## ३. संरचना

### क) सुपरीबेक्षण तथा अनुगमन समितिको व्यवस्था

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २१० मा जिल्ला विकास समितिले योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएको स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको यकिन गर्न तथा आयोजनाको कार्यान्वयनमा देखिने बाधा व्यवधान वा अड्चनहरु समाधानको लागि आवश्यक निर्देशन दिन सम्बन्धित जिल्लाका सांसदको अध्यक्षतामा प्रत्येक वर्षको लागि वर्णानुक्रम अनुसार एक सुपरीवेक्षण तथा अनुगमन समितिको गठन हुनेछ । उक्त समितिमा जिल्ला विकास समितिका सभापति, निजले तोकेको जिल्ला विकास समितिका सदस्य तथा सम्वन्धित कर्मचारीहरु समेत रहने व्यवस्था छ । उक्त समितिको बैठक सामान्यतया चार महिनामा एक पटक बस्ने प्रावधान छ ।

### ख) सुपरिवेक्षण तथा अनुगमन उपसमितिको व्यवस्था

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २०२ मा जिल्ला स्तरीय आयोजना तथा कार्यक्रमको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्न जिल्ला विकास समितिमा र ऐनको दफा २१० बमोजिमको सुपरीवेक्षण तथा अनुगमन समितिमा प्रतिवेदन दिने प्रयोजनको लागि जिल्ला विकास समितिले देहाय बमोजिमको एक सुपरीबेक्षण तथा अनुगमन उपसमिति गठन गरिने छ ।

क) जिल्ला विकास समितिका उपसभापति सदश्य- संयोजक
ख) जिल्ला विकास समितिले तोकेको जिल्ला विकास समितिका कुनै दुई जना सदस्य- सदस्य
ग) जिल्ला विकास समितिको योजना अनुगमन तथा प्रशासकिय अधिकृत- सदस्य सचिव

उपसमितिले अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने विषयहरु

- ज्ञ. आयोजना वा कार्यक्रमको निर्धारित कार्य तालिका अनुसार कार्यान्वयन भए वा नभएको ।
- ट्. प्राविधिकले नियमित सुपरिवेक्षण गर्नुपर्ने आयोजना वा कार्यक्रम भए त्यस्तो सुपरभिजन भए वा नभएको
- घ. निर्धारित गुणस्तर अनुसार काम भए वा नभएको
- द्ध. आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयनको प्रगति भए वा नभएको ।
- छ. खर्चको विवरण तथा सो को विल, भरपाई, श्रेस्ता रीत पूर्वक राखे वा नराखेको
- ट. कुनै आयोजना वा कार्यक्रम उपभोक्ता समिति वा गैर सरकारी संस्था मार्फत कार्यान्वयन तथा संचालन गर्न सम्झौता भएको भए त्यस्तो सम्झौता अनुसार भए नभएको ।
- ठ. अन्य आवश्यक कुनै कुरा भए सो को विवरण ।

यसै ऐन अन्तर्गतको नियमावलीको नियम २०६ मा व्यवस्था भए अनुसार जिल्ला विकास समितिले आयोजनाको प्रभाव मूल्याङ्कन गर्दा देहायका विषयमा समेत ध्यान दिनुपर्नेछ ।

- ज्ञ. **सामाजिक प्रभाव** : स्थानीय जनतामा चेतनाको अभिवृद्धि रहन सहन सोचाई र संस्कारमा परिवर्तन भए वा नभएको सामाजिक र नैतिक क्रियाकलापमा वृद्धि भए वा नभएको

ग. **आर्थिक प्रभाव** : स्थानीय जनतामा रोजगार र स्वरोजगारको अवसर व्यापारिक कारोवार क्रय शक्ति र समष्टिगत रुपमा आर्थिक बृद्धि भए वा नभएको

घ. **सेवा सुविधा** : आयोजनाको उपलब्ध गराएको सेवाको गुणस्तर, सेवा उपभोग गर्न पाउने र नपाउने जनताको प्रतिक्रिया, सेवाको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्नु पर्ने आवश्यकता

ढ. **वातावरणीय प्रभाव** : आयोजना सञ्चालन भए पश्चात अतिवृष्टि, अनावृष्टी, वाढी, पैरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको समस्या उत्पन्न भएको नभएको ।

## ४. नीति र कार्यनीति

ञ. अनुगमन र मूल्याङ्कन व्यवस्थालाई नियमित प्रभावकारी रुपमा जन सहभागिताको आधारमा सञ्चालन गरिनेछ ।

ग. योजना तर्जुमा देखि नै योजनाहरुको अनुगमनका लागि आवश्यक सूचकहरु लगानी, प्रतिफल, असर र प्रभाव तह सम्मको तय गरिनेछ । मूल्याङ्कनको लागि सान्दर्भिकता, दक्षता, प्रभाकारीता र प्रभावको सूचक तयार गरी लागु गरिनेछ ।

घ. जिल्लाको अनुगमन तथा मूल्याङ्कन इकाईलाई सक्रिय बनाउन क्षमता अभिबृद्धि गरिनेछ ।

ढ. जिल्ला बिकास समिति अन्तर्गतको सुपरीवेक्षण तथा अनुगमन समितिको बैठक चौमासिक रुपमा बसी अनुमान गरिएको साधन, प्राप्त साधन र गर्नु पर्ने कामको लेखा जोखा गरी कार्य तालिका र लक्ष्य अनुसार काम भए नभएको समिक्षा गरिनेछ ।

छ. सहभागितात्मक अनुगमन र मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी इलाका स्तरमा, विषयगत योजना समितिहरुको स्तरमा र जिल्ला स्तरमा समिक्षा गोष्ठीहरु संञ्चालन गरी तीन तहमा समिक्षा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

ट. ठूला योजनाहरुको हकमा जनलेखा परीक्षणको व्यवस्था मिलाइनेछ ।

ठ. उपयुक्त किसिमको प्रगति प्रतिवेदनकालागि फारमहरु तयार गरी अनिवार्य रुपमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

ड. प्रगतिका प्रतिवेदनहरुको अभिलेख व्यवस्थित गरिनेछ ।

ढ. जिल्लाबाट कुनैपनि आयोजनाहरुको स्थलगत निरीक्षणको व्यवस्था गरी प्रगतिको यकिन गरिनेछ ।

ज्ञण. अनुगमनका लागि कार्यतालिका र जिम्मेवारी तालिका निर्धारण गरी लागु गरिनेछ ।

ज्ञज्ञ. योजना सञ्चालनको साथ साथै व्यवस्थापन र प्रशासन आर्थिक व्यवस्थापन एव कार्यक्रमिक क्षेत्रको समेत अनुगमन गरिनेछ ।

ज्ञद्द. आर्थिक व्यवस्थापन क्षेत्रको अनुगमन गर्दा लेखा परीक्षण प्रतिवेदन आर्थिक क्रियाकलाप संचालन प्रक्रियालाई मूल आधार मानिनेछ ।

ज्ञघ. नियमित रुपमा आर्थिक प्रतिवेदन प्रकाशन गरी उक्त प्रतिवेदन उपर आएका सुझावलाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।

ज्ञद्ध. व्यवस्थापन प्रशासन क्षेत्रको अनुगमन गर्दा बैठक सञ्चालन, बैठकले गरेका महत्वपूर्ण निर्णयहरु र तिनको कार्यान्वयनलाई आधार लिइनेछ ।

ज्ञछ. कार्यालय संचालन प्रक्रिया र कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरुको समय र गुणस्तरको आधारमा अनुगमन गरिनेछ ।

ज्ञट. प्रशासन नियमितताका लागि कर्मचारी व्यवस्थापनलाई आधार मानी अनुगमन गरिनेछ र न्यूनतम आधारका सूचक तय गरी सो को आधारमा अनुगमन गरिनेछ ।

ज्ञठ. सूचना प्रवाह, पारदर्शीता र समन्वयको स्थितिलाई समेत अनुगमनको सूचकको रुपमा प्रयोग गरिनेछ ।

ज्ञड. जिल्लामा सञ्चालित योजना तथा कार्यक्रमहरु अनुगमन गराउनका लागि नागरिक समाज समेतलाई परिचालन गरी राय एवं सुझाव लिन सकिनेछ । नागरिक समाज अन्तर्गत सामाजिक सेवामा संलग्न नागरिक, सर्वदलिय प्रतिनिधि, पत्रकार महासंघ, गैसस महासंघ, उद्योग वाणिज्य संघ, उपभोक्ताहरुको प्रतिनिधि आदिको समूहलाई मानिनेछ ।

ज्ञढ. जिविसले जिल्ला भित्र सन्चालित कुनै पनि क्षेत्र वा कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्न यस निर्देशिका अन्तरगत आवश्यकतानुसार कार्य विधी तयार गरी लागु गर्न सक्ने छ ।

## ६. सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

### ६.१ परिचय

सहभागितात्मक योजना तर्जुमा प्रक्रियामा जनताका आवश्यकताहरुको पहिचान र छनौट जनता आफैले गरे झै बार्षिक जिल्ला विकास योजनामा छनौट भई कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्थामा र सम्पन्न भए पछि त्यसको प्रतिफल र प्रभावका बारेमा जनताहरुकै सहभागितामा अनुगमन तथा मूल्यांकनको व्यवस्था यस सहभागितात्मक अनुगमन तथा मूल्यांकन प्रक्रियामा गरिन्छ । जिल्ला विकास समितिबाट हरेक वर्ष तय गरिने बार्षिक जिल्ला विकास योजना अन्तर्गत विषयगत

कार्यालयहरु, स्थानीय निकायहरु, गैसस आदिबाट गरिने विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्न इलाका तहमा इलाका स्तरीय अनुगमन तथा समिक्षा गोष्ठी, जिल्ला तहमा विषयगत अनुगमन तथा समिक्षा बैठक तथा बार्षिक जिल्ला अनुगमन तथा समिक्षा गोष्ठीहरु गरी योजना तथा कार्यक्रमको बारे यथास्थिति पत्ता लगाउने कार्य गरिन्छ । यस प्रक्रियामा योजना सम्पन्न गर्नका लागि गरिएको लगानी, लगानीबाट प्राप्त प्रतिफल, प्रतिफलले जनतामा देखाएका असर र प्रभाव समेतका विवरणहरु विभिन्न फारम एवं प्रतिवेदन मार्फत संकलन गरी उक्त गोष्ठीहरुमा प्रस्तुत गराइन्छ । यसरी योजना तथा कार्यक्रमहरु संचालन गर्दा देखिएका राम्रा सिकाई र सफल योजनाहरुका साथै समस्याहरुमा समेत छलफल गरी आगामि योजना तर्जुमाका लागि पृष्ठपोषणको रुपमा लिइन्छ र जिल्लाको योजना तर्जुमालाई प्रभावकारी बनाउन यसले ठूलो मदत गर्दछ ।

## ६.२ अनुगमन तथा मूल्याङ्कनका चरणहरु :

- समिक्षाको पूर्व तयारी बैठक ।
- अनुगमन तथा समिक्षा सम्वन्धि अनुशिक्षण ।
- सेवा केन्द्र (इलाका) स्तरीय अनुगमन तथा समिक्षा गोष्ठी ।
- विषयगत अनुगमन तथा समिक्षा बैठक ।
- सुपरीवेक्षण तथा अनुगमन समितिको बैठक ।
- जिल्ला स्तरीय बार्षिक अनुगमन तथा समिक्षा गोष्ठी ।
- प्रतिवेदनको प्रकाशन तथा वितरण ।

### ६.२.१ समिक्षाको पूर्व तयारी बैठक

सर्वप्रथम गाउ विकास समिति स्तरमा प्रयोग हुने गरी अनुगमन तथा मूल्यांकन फारमहरु तयार पारिने छन् । (हेर्नुहोस् अनुसूचीहरु ५,६,७)

विद्यमान अनुगमन प्रक्रियाको सहभागितामुलक रुपमा समिक्षा गरी आगामी अनुगमन प्रक्रियालाई परिमार्जन गर्ने कार्य यस चरणमा गरिन्छ । यस तयारी बैठकमा सहभागितात्मक अनुगमन तथा मूल्यांकन प्रक्रियाको कार्य योजना तय गर्ने, सूचकहरु सहितको अनुगमन फारमहरुको अन्तिम रुप दिने कार्य गरिन्छ ।

यस तयारी बैठकमा जिल्ला विकास समिति अन्तर्गतका सुपरिबेक्षण तथा अनुगमन समिति, सुपरिवेक्षण तथा अनुगमन उपसमितिको सक्रिएतामा विषयगत कार्यालयका प्रतिनिधिहरु, गैससका प्रतिनिधिहरुका साथै नागरिक समाजका प्रतिनिधि समेतका उपस्थितिमा गर्न सकिनेछ ।

### ६.२.२ अनुगमन तथा समिक्षा सम्वन्धि अनुशिक्षण

अनुगमन फारामहरु तयार गरिसकेपछि जिल्ला विकास समितिले प्रत्येक गाविसमा पुग्ने गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धी फारामहरुको वितरण गर्नु पर्दछ । निर्दिष्ट फारममा गाविस, सम्वन्धित विषयगत निकाय, संघासंस्थाहरु जिविस आदिद्धारा कार्यन्वयनमा ल्याइएका योजना तथा कार्यक्रमहरुको सूची तयार पारिन्छ । साथै फारम सम्बन्धी प्रष्टताका लागि गाविसका अध्यक्ष र सचिवका साथै अन्य सरोकारवालाहरुलाई समेत उपस्थिति गराई एक दिने अनुशिक्षण कार्यक्रम संञ्चालन गरिनेछ । यसका लागि प्रस्तावित कार्यविधि निम्नानुसार हुनेछ ।

ञ. अनुगमन तथा मूल्याङ्कनबारे जानकारी दिने ।
ट. फारमहरु भर्ने पद्धति र सूचकहरुबारे सहभागिहरुलाई अनुशिक्षण दिने ।

घ. विषयगत निकाय, गैसस, संध संस्थाहरु, जिविस आदिको सम्वन्धित गाविसमा भईरहको योजना तथा कार्यक्रम सम्वन्धि विवरण वितरण गर्ने र सो विवरण सम्वन्धि अस्पष्ट भए प्रस्ट्याउने ।

ङ. उक्त अनुशिक्षण कार्यक्रममा इलाका स्तरीय अनुगमन तथा मूल्याङ्कनका तिथि निर्धारण गर्ने ।

### ६.२.३ इलाका स्तरीय अनुगमन तथा समिक्षा गोष्ठी

इलाकाभरी सञ्चालनमा रहेका विभिन्न निकाय, बिषयगत कार्यालय तथा संघ संस्थाहरुका योजना तथा कार्यक्रमको प्रगतिसहित सहभागिहरुद्धारा इलाका स्तरीय कार्यशाला गोष्ठीमा छलफल गरिन्छ । यसमा गाविस अनुसार तथा विषयगत निकाय अनुसार छलफल गरिनेछ । उक्त छलफलमा उठेका समस्या एवं प्रक्रियालाई समेटेर सम्बन्धित इलाका सदस्यले एक प्रतिवेदन बनाउनु पर्दछ । जुन प्रतिवेदन जिल्ला स्तरीय समिक्षा गोष्ठीमा पेश गर्नु पर्नेछ ।

### ६.२.४ बिषयगत अनुगमन तथा समिक्षा बैठक

इलाका स्तरीय अनुगमन तथा मूल्याङ्कन कार्यशाला गोष्ठी सम्पन्न पश्चात छुट्टा छुट्टै बिषयगत अनुसार अनुगमन तथा समिक्षा बैठकको आयोजना गरिन्छ । यस बैठकमा इलाका गोष्ठीबाट आएका समस्या, सुझाव तथा निर्णयहरुको प्रस्तुति तथा छलफल, कार्यान्वयन गर्न निकायका प्रतिनिधिहरुद्धारा योजना कार्यान्वयनमा महशुस गरिएका समस्या तथा अनुभव प्रस्तुति गरिन्छ भने अर्को तर्फ सुपरिवेक्षण तथा अनुगमन उपसमितिको स्थलगत अनुगमनको विवरणमाथि विषयगत रुपमा छलफल गरी योजना कार्यान्वयनको बास्तविक अवस्था पहिचान गरी प्रतिवेदन तयार गरिन्छ ।

### ६.२.५ सुपरिवेक्षण तथा अनुगमन समितिको बैठक

सुपरीवेक्षण तथा अनुगमन उपसमितिद्धारा इलाका स्तरीय अनुगमन गोष्ठी तथा स्थलगत अनुगमनको विवरण समावेश गरी विषय क्षेत्र अनुसारको प्रतिवेदन प्रस्तुति, समितिको नियमित स्थलगत निरिक्षण तथा बैठकमा संकलन गरिएका कुराहरुको प्रस्तुति छलफल तथा प्रश्नोत्तर, निचोड, निर्णय र प्रतिवेदन तयारी यस समितिको बैठकमा गरिन्छ ।
यस समितिको प्रत्येक चार चार महिनामा बैठक वस्नेछ । प्रत्येक बैठकमा निम्नानुसारको विषयमा छलफल गरिन्छ ।

**पहिलो बैठकः**
श्रावण देखि कार्तिक सम्मको अवधिमा भएका जिल्लाका योजना तथा कार्यक्रमको बजेट स्वीकृति, निकाशा, कार्ययोजना तयारी, नीति तय, कोटेशन, सम्झौता, संम्भाव्यता अध्ययन, लागत इस्टीमेटका साथै योजना तथा कार्यक्रमको कार्यान्वयन पक्षको विषयमा समिक्षा गरिनेछ । सुपरिवेक्षण तथा अनुगमन समितिको पहिलो बैठक मंसिरको पहिलो हप्तामा बसिन्छ ।

**दोश्रो बैठकः**
मंसिर देखि फागुन संम्मको अवधिमा भएका जिल्लाका योजना तथा कार्यक्रमको प्रगति, कार्यान्वयनमा देखिएका समस्याहरु र समाधानका उपायहरु, स्थलगत निरिक्षणमा संकलन गरिएका विषयहरुको साथै बजेट सम्वन्धि विषयमा छलफल गरिनेछ । यो बैठक बैशाखको पहिलो हप्तामा बसिन्छ ।

**तेश्रो बैठक**
चैत्र देखि आषाढ सम्मको अवधिमा भएका योजना तथा कार्यक्रमको प्रगति साथै समस्या र समाधानका विषयमा छलफल गरिन्छ । साथै यस बैठकले सुपरिवेक्षण तथा अनुगमन उपसमितिद्धारा इलाका स्तरीय अनुगमन गोष्ठीबाट संकलन गरीएका प्रतिवेदन र विषय क्षेत्र अनुसारको प्रतिवेदन प्रस्तुति गराई छलफल, निचोड, निर्णय र प्रतिवेदन तयार गरिन्छ । सम्पन्न योजना तथा कार्यक्रमबाट भएको प्रभाव मूल्यांकनको समेत यस बैठकमा छलफल गरिन्छ । यो बैठक श्रावणको पहिलो हप्तामा गरिनेछ ।

### ६.२.६ जिल्ला स्तरीय बार्षिक समिक्षा तथा मूल्यांकन गोष्ठी :

सहभागितात्मक अनुगमन तथा मूल्यांकन प्रक्रियाका विभिन्न चरणहरुमा सम्पन्न समिक्षा प्रतिवेदन अनुसारका बार्षिक कार्य प्रगति, योजना कार्यान्वयनमा देखिएका सिकाई, समस्या तथा सुझावहरुको प्रस्तुति एवं छलफल तथा सो अवधिमा सम्पन्न योजना र कार्यक्रमले पारेको प्रभाव तथा मर्मत संभारको ब्यवस्थाबारे समिक्षा तथा मूल्यांकन कार्य यस गोष्ठीमा गरिनेछ ।

यस गोष्ठीमा जिविसका पदाधिकारी, गाविसका अध्यक्ष तथा सचिवहरु, विषयगत निकायका प्रमुखहरु तथा आवश्यकता अनुसार गैर सरकारी संस्थाका प्रतिनिधिहरु सहभागि हुनेछन् । यस गोष्ठीमा प्रस्तुत भएका प्रतिवेदन माथि छलफल गरी निस्केका सुझावहरुलाई टिपोट गरी आगामी योजना तर्जुमाका लागि पृष्ठपोषणको रुपमा राखिनेछ ।

## समिक्षा र मूल्यांकन सम्वन्धि ब्यवस्था

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २११ मा गरिएको व्यवस्था अनुरुप जिल्ला विकास समितिले जिल्ला विकास योजनाको समिक्षा र मूल्यांकन देहाय अनुसार गरिनेछ ।

- ज्ञ. सम्पन्न भएका प्रत्येक आयोजनाको एक वर्ष पछि प्रभाव मूल्यांकन गर्ने ।
- द्द. संचालन भइरहेका आयोजनाहरको विषयगत विवरण तथा प्रगति मूल्यांकन प्रत्येक छ महिनामा गर्ने ।
- घ. सम्पन्न भएका आयोजनाको मर्मत सम्भार सम्वन्धी व्यवस्थाको मूल्यांकन प्रत्येक वर्ष गर्ने ।
- द्ध. आयोजनाबाट लाभान्वित समुदायको किसिम र परिणाम पहिचान गर्ने ।
- छ. आयोजनाबाट पर्यावरणमा परेको प्रभाव पहिचान गर्ने ।
- ट. आयोजनावाट भएको उत्पादन वृद्धि एवं रोजगारीको अवसरहरु पहिचान गर्ने ।

उपरोक्त अनुसार हुने बार्षिक समीक्षा गोष्ठीमा सरकारी, गैर सरकारी र दातृ संस्थाका प्रतिनिधिहरुलाई समेत आआफ्नो माथि उल्लेखित अनुसारको प्रगति विवरण सहित समीक्षा बैठकमा आमन्त्रण गरी समिक्षा गर्नु पर्नेछ ।

समिक्षा बैठकमा प्राप्त सुझाव समेत राखी त्यसको प्रतिवेदन प्रकाशित गरी सम्वन्धित निकायमा पठाउनु पर्नेछ । र त्यस्तो प्रतिवेदन जिल्ला परिषदको नियमित वैठकमा प्रस्तुत गर्नु पर्ने छ ।

उपरोक्त अनुसार समिक्षा र मूल्यांकन गर्दा जिल्ला विकास क्षेत्र भित्र संचालित कुनै योजना वा कार्यक्रममा कुनै किसिमको अनियमितता भएको जानकारी हुन आएमा जिल्ला विकास समितिले आवश्यक कारवाहीको लागि सम्वन्धित निकायमा सिफारिस गर्नेछ ।

### ६.२.७ अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन प्रकाशन र वितरण :

इलाकाहरु तथा बिषयगत अनुगमन तथा समिक्षा बैठकमा प्रस्तुत गरिएका प्रतिवेदन तथा विभिन्न चरणहरुमा भएका उपयोगी छलफलहरु संलग्न गरी सम्बन्धित जिल्ला विकास समितिले बार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन प्रकाशन गरिन्छ । उक्त प्रकाशित प्रतिबेदन पृष्ठपोषण ( Feedback) का लागि आवश्यक निकायहरुमा पठाउनु पर्दछ ।

अनुसूची १

चार्ट नं. १ अनुगमन तथा मूल्याङ्कन गतिविधीको समय तालिका :

| क.सं. | गतिविधिहरु | महिना हप्ता | | | |
|---|---|---|---|---|---|
| | | बैशाख | जेठ | आषाढ | श्रावण |
| १ | समिक्षाको पूर्व तयारी बैठक | | | | |
| २. | अनुगमन तथा समिक्षा सम्वन्धि अनुशिक्षण | | | | |
| ३. | सेवा केन्द्र (इलाका) स्तरीय अनुगमन तथा समिक्षा गोष्ठी | | | | |
| ४ | बिषयगत अनुगमन तथा समिक्षा बैठक | | | | |
| ५ | सुपरीवेक्षण तथा अनुगमन समितिको बैठक | | | | |
| ६ | जिल्ला स्तरीय समिक्षा तथा मूल्यांकन गोष्ठी | | | | |
| ७ | प्रकाशन तथा वितरण | | | | |
| ८ | जिल्ला विकास समितिको बैठक | | | | |

# अनुसूची २
## सहभागितात्मक अनुगमन तथा मूल्यांकन प्रक्रियाका प्रवाह तालिका



## अनुसूची ३

## सहभागितात्मक अनुगमन तथा मूल्यांकन प्रक्रिया कार्य तालिका

| अनुगमनका चरणहरु | क्रियाकलापहरु | संलग्न संस्था तथा सहभागि | उत्तरदायी संस्था |
|---|---|---|---|
| सातौं चरण<br>जिविस बैठक | जिविसको नियमित बैठकमा समिक्षा गर्ने, सुपरिवेक्षण तथा अनुगमन समितिको सुझाव समेतका आधारमा प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पठाउने र जिल्ला परिषदमा पेश गर्ने । | जिविस तथा सुअसका पदाधिकारीहरु | जिविस, जिल्ला परिषद |
| छैठौं चरण<br>जिल्ला स्तरीय बार्षिक समिक्षा तथा मूल्यांकन गोष्ठी | सुपरीवेक्षण तथा अनुगमन समितिद्धारा प्रतिवेदन प्रस्तुति, विषयगत निकायहरु, अ.।गैसस तथा जिविसद्धारा विषयगत विवरण, बार्षिक कार्य प्रगति, समस्या तथा सुझावहरु प्रस्तुति तथा छलफल, सम्पन्न योजना तथा कार्यक्रमहरुको प्रभाव तथा मर्मत संभारको ब्यवस्थाबारे छलफल र समिक्षा, प्रतिवेदन तयारी | जिविस, सुपरीवेक्षण तथा अनुगमन समिति, विषयगत निकायहरु, अ.।गैसस | जिल्ला विकास समिति |
| पांचौ चरण<br>सुपरिवेक्षण तथा अनुगमन समितिको बैठक | सुपरीवेक्षण तथा अनुगमन उपसमितिद्धारा इलाका स्तरी अनुगमन गोष्ठी तथा स्थलगत अनुगमनको विवरण समावेश गरी विषय क्षेत्र अनुसारको प्रतिवेदन प्रस्तुति, समितिको नियमित स्थलगत निरिक्षण तथा बैठकमा संकलन गरिएका कुराहरुको प्रस्तुति छलफल तथा प्रश्नोत्तर, निचोड, निर्णय र प्रतिवेदन तयारी । | सुपरीवेक्षण तथा अनुगमन समिति, जिविस, सु.अ.उ.स. , विषयगत निकायहरु | सुपरीवेक्षण तथा अनुगमन समिति, जिविस, सु.अ.उ.स. , विषयगत निकायहरु |
| चौथो चरण<br>विषयतग अनुगमन तथा समिक्षा बैठक | विषयगत समितिको छुट्टाछुट्टै बैठक गरी इलाकाबाट आएका समस्या, सुझाव तथा निर्णयहरु प्रस्तुति तथा छलफल, सम्वन्धित क्षेत्रका निकायहरुद्धारा योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा महशुस गरेका समस्या तथा अनुभव प्रस्तुति उपसमितिको स्थलगत अनुगमनको विवरण प्रस्तुति, छलफल, निर्णय तथा प्रतिवेदन तयारी । | सुपरीवेक्षण तथा अनुगमन समिति, विषयगत निकायहरु, अ.।गैसस, गाविस | जिविस, सुपरीवेक्षण तथा अनुगमन समिति, सुपरीवेक्षण तथा अनुगमन उपसमिति |
| तेश्रो चरण<br>सेवा केन्द्र (इलाका) स्तरीय अनुगमन तथा समिक्षा गोष्ठी | प्रत्येक इलाकामा इलाका स्तरीय अनुगमन तथा समिक्षा गोष्ठीको आयोजना, गाविसद्धारा आफ्नो गाविसमा संचालित योजना तथा कार्यक्रमको प्रस्तुति, विषयगत निकाय अ.।गैससद्धारा सम्वन्धित इलाकामा सञ्चालित योजना तथा कार्यक्रमहरुको स्थितिबारे प्रस्तुति, समस्याहरु टिपोट, छलफल तथा निर्णय र प्रतिवेदन तयारी | सम्वन्धित इलाका सदस्य, सुपरिवेक्षण तथा अनुगमन उपसमिति, विषयगत निकायका प्रतिनिधि, अ.।गैसस, गाविस, उपभोक्ता समिति | सम्वन्धित इलाका सदस्य, सुपरिवेक्षण तथा अनुगमन उपसमिति, विषयगत निकायका प्रतिनिधिहरु, गाविस |
| दोश्रो चरण<br>अनुगमन तथा समिक्षा सम्वन्धि अनुशिक्षण | अनुगमन समिक्षा सम्वन्धमा सम्वन्धित पक्षलाई अनुशिक्षण, अनुगमन तथा समिक्षा सम्वन्धित फारम वितरण, विभिन्न निकायहरुको योजना तथा कार्यक्रम विवरण वितरण | जिविस, सुपरिवेक्षण तथा अनुगमन उपसमिति, विषयगत निकाय, अ.गैसस, गाविस | जिविस, विषयगत निकाय, गाविस |
| प्रथम चरण<br>समिक्षाको पूर्व तयारी बैठक | सहभागितात्मक अनुगमन तथा समिक्षाका लागि आवश्यक फारमहरु तयारी गर्ने र सूचकहरु तय गर्ने | जिल्ला विकास समितिको अनुगमन तथा समिक्षा उपसमिति, विषयगत कार्यालय, अ.गै.स.स तथा नागरिक समाजका प्रतिनिधि | जिविस, सुपरिवेक्षण तथा अनुगमन उपसमिति |

अनुसूची ४

अनुगमन तथा मूल्याङ्कन कार्यविधि एवं सहभागीहरु :

| इलाका स्तरीय अनुगमन तथा समिक्षा गोष्ठी | बिषयगत अनुगमन तथा समिक्षा बैठक | जिल्ला स्तरीय अनुगमन तथा मूल्यांकन गोष्ठी |
|---|---|---|
| सहभागीहरु :<br>● गाविस, सचिव<br>● उपभोक्ता समूह प्रतिनिधिहरु<br>● सामुदायिक संस्थाका प्रतिनिधि<br>● गैसस (स्थानीय)<br>● स्थानीय तहका कार्यरत विषयगत निकायका प्रतिनिधिहरु<br>● जिविसका प्रतिनिधि | सहभागीहरु :<br>● जिविस<br>● विषयगत निकाय<br>● गैसस (विषयगत)<br>● गाविस,<br>● गाविस महासंघ | सहभागीहरु :<br>● जिविस<br>● गाविस अध्यक्ष र सचिव<br>● विषयगत निकाय<br>● गैसस (जिल्ला स्तरीय)<br>● अन्य नागरीक समाजका प्रतिनिधि |
| कार्यविधि :<br>● गाविसद्धारा प्रतिवेदन प्रस्तुत<br>● विषय र क्षेत्र अनुसार विषयगत कार्यालयहरुको प्रतिवेदन प्रस्तुत<br>● छलफल तथा प्रश्नोत्तर<br>● सुझाव संकलन र निर्णय<br>● समापन | कार्यविधि :<br>● विषयगत कार्यालय अनुसार प्रतिवेदन प्रस्तुत<br>● छलफल तथा प्रस्नोत्तर<br>● सुझाव संकलन र निर्णय<br>● समापन | कार्यविधि :<br>● कार्यक्रमको परिचय<br>● इलाका प्रतिवेदन प्रस्तुत<br>● योजना तर्जुमा समिति प्रतिवेदन प्रस्तुत<br>● छलफल तथा प्रश्नोत्तर<br>● सुझाव संकलन र निर्णय<br>● समापन |
| अपेक्षित प्राप्ति :<br>● इलाका स्तरीय प्रतिवेदन तयार | अपेक्षित प्राप्ति :<br>● बिषयगत प्रतिवेदन तयार | अपेक्षित प्राप्ति :<br>● जिविसद्वारा बार्षिक अनुगमन तथा मूल्यांकन प्रतिवेदन प्रकाशन |